नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं.
Ref. No.

मिति : २०८२ बैशाख २८

# ६० घण्टाको सूचना प्रविधि तालिम सम्वन्धि सूचना

यस संस्थाबाट संचालन हुने June 2025 को अन्तिम परीक्षामा सहभागी हुने CAP-II का विद्यार्थीहरुका लागि आवश्यक पर्ने ६० घण्टाको सूचना प्रविधि तालिम काठमाण्डौ, पोखरा, बुटबल र विराटनगर केन्द्र कायम गरी सञ्चालन हुन गइरहेको व्यहोरा अनुरोध छ । उक्त तालिममा सहभागी हुन आवश्यक रहेका विद्यार्थीहरुले मिति **२०८२ जेठ १३ (May 27, 2025) गते १:०० बजे** भित्र Student login भित्र रहेको IT Training मा गई तालिमको लागि आवश्यक दस्तुर भुक्तानी गरी नाम दर्ता गर्नुहुन सूचित गरिन्छ ।

## तालिम सम्वन्धि अन्य विवरण

- **संस्थाले सूचना प्रविधि तालिमको बार्षिक क्यालेण्डर तयार गरी लागु गरेको छ । बार्षिक क्यालेण्डरमा तोकिएको समय सिमा भित्र नाम दर्ता नगर्ने विद्यार्थीहरुको निमित्त थप तालिम सञ्चालन हुने छैन । *(क्यालेण्डर संस्थाको website भित्र Student भित्र IT Training भित्र उपलब्ध रहेको छ ।)***
- संस्थाले संस्थाको कार्यलय रहेको स्थानहरु मध्ये काठमाण्डौ, पोखरा, बुटबल र विराटनगर बाहेक अन्यत्र कक्षा सञ्चालन केन्द्र कायम नगरेको व्यहोरा जानकारी गराईन्छ ।
- काठमाण्डौं बाहिरको केन्द्र कायम भएको समुहमा २० जना भन्दा कम विद्यार्थी भएमा उक्त केन्द्रका लागि नाम दर्ता गराएका विद्यार्थीहरुको तालिम काठमाण्डौंमा सञ्चालन हुनेछ ।
- **तालिमको लागि नाम दर्ता गर्ने विधि**
  - विद्यार्थीहरुले Student login गरे पश्चात IT training को Dash board भित्र विभिन्न समुह (Batch) प्राप्त गर्नसक्ने छन् ।
  - प्रत्येक समुहमा तालिम सञ्चालन हुने **मिति समय र स्थान** निर्धारण गरिएको हुनेछ । आफु तालिम लिन चाहेको समुह यकिन गरेर मात्र नाम दर्ता गर्नुपर्ने छ ।
  - विद्यार्थीहरुले उपलब्ध रहेको समुहहरु मध्येबाट आफुलाई उपयुक्त हुने समुह छनौट गरी मोवाईल नं. वा email मा आएको OTP हाली Esewa वा Connect IPS मार्फत रकम भुक्तानी गरी तालिमको लागि नाम दर्ता गर्नुपर्ने छ ।
  - **नाम दर्ता भए पश्चात समुह वा मिति वा समय वा स्थान परिर्वतन हुने छैन ।** (काठमाण्डौ बाहिरको केन्द्रमा भने संस्थाले आवश्यक देखेमा परिर्वतन गर्न सक्नेछ ।)
  - तालिम सञ्चालन हुनुभन्दा एक हप्ता अगाडि विद्यार्थीलाई सम्पर्क गरिने छ। उक्त अवधि भित्र कुनै कारणले सम्पर्क हुन नसके विद्यार्थीहरुले Dash board मा रहेको स्रोत संस्थाको फोन नंम्वरमा सम्पर्क गर्नुपर्ने छ ।
- तालिममा सहभागी हुन विद्यार्थीको साथमा संस्थाबाट जारी भएको विद्यार्थी परिचय पत्र अनिवार्य रुपमा हुनुपर्ने छ ।
- तालिम भौतिक रुपमा सञ्चालन हुनेछ । तालिम कुल अवधि ६० घण्टाको हुनेछ । तालिम दैनिक ४ घण्टा सञ्चालन हुनेछ । तालिमको परीक्षा संस्थाले तोकेको मिति, समय र स्थानमा हुनेछ । सोको जानकारी बिद्यार्थीहरुलाई उपयुक्त माध्यम बाट गराईनेछ

ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 0977-1-5530832, 5530730, Fax: 0977-1-5550774
Post Box No.: 5289, E-mail: ican@ntc.np, Website: www.ican.org.np
**Branch Offices:**
Biratnagar : Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-543629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: -977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel: 977-081-530050, E-mail: icannpj@ican.org.np | Dhangadhi : 977-091-527493, Email: icandhg@ican.org.np

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं.
Ref. No.

- साथै नियमानुसार ६० घण्टाको सूचना प्रविधि तालिम लिन आवश्यक भएका **अन्य विद्यार्थीहरुले** समेत माथि उल्लेख भए बमोजिम नाम दर्ता गर्न सक्नेछन् । माथी उल्लेखित प्रकृया अनुरुप नाम दर्ता गर्न नसकेमा संस्थाको ५४३०८३२ वा ५४३०७३० ext. २१५ मा सम्पर्क गर्नहुन अनुरोध छ ।

**(संस्थाले ६० घण्टाको सूचना प्रविधि तालिमको नयाँ पाठ्यक्रम लागु गर्ने निर्णय गरेको हुँदा पुरानो पाठ्यक्रम अनुसार कक्षा (Course) को परीक्षा उर्त्तिण गर्न बाँकी रहेका सम्पुर्ण विद्यार्थीहरुले मिति २०८२ बैशाख ३१ भित्र परीक्षाका लागि आवश्यक दस्तुर बुझाई नाम दर्ता गर्न समेत सूचित गरीन्छ । उक्त समय पश्चात पुरानो पाठ्यक्रम अर्न्तगतको परीक्षा सञ्चालन नहुने तथा परीक्षा बाँकी रहन गएमा नयाँ पाठ्यक्रम अनुसार तालिम सम्पन्न गर्नुपर्ने व्यहोरा समेत जानकारी गराईन्छ ।)**

सरोज दोरंगा
बरिष्ठ अधिकृत

ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 0977-1-5530832, 5530730, Fax: 0977-1-5550774
Post Box No.: 5289, E-mail: ican@ntc.np, Website: www.ican.org.np
**Branch Offices:**
Biratnagar : Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-543629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: -977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel: 977-081-530050, E-mail: icannpj@ican.org.np | Dhangadhi : 977-091-527493, Email: icandhg@ican.org.np